ज.प्र.का.म.द.नं.४८/०७३/०७४
वर्ष ६, अंक ३०४
२१ साउन २०८० आइतबार
6 Aug. 2023, Sunday
www.shirishnews.com
पृष्ठ ४ मूल्य रु. ५/-

सधै र सबैको लागि खबर खोज्ने अभियान

खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका
अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

# अतिक्रमण र प्रदूषणको मारमा जनकपुरका तालतलैया

**खबर दर्पण समाचारदाता**

**साउन २० गते, जनकपुर**

मिथिला संस्कृति र सभ्यताको केन्द्र जनकपुरधामको उपस्थिति वैदिक वाङ्मय, पुराण तथा धार्मिक साहित्यहरूले बताउँछन् । त्रेता युगमा उत्कर्षमा रहेको मिथिला द्वापर युगमा महाभारतको युद्धपछि लोप भएर पृष्ठभूमिमा पुगेको र कलियुगमा १६औं शताब्दीपछि पुनः प्रकट भएको पाइन्छ ।

यस हिसाबमा मिथिला सभ्यतालाई ग्रिक सभ्यताभन्दा पुरानो मान्न सकछौं, तर सरकार र सहयोगी निकायका तर्फबाट मिथिलाको यस पुरातात्विक विरासतको उचित सम्बोधन हुन नसकेकाले 'जनकपुर कति पुरानो' भनेर पुरातात्विक निर्क्योल भने निकाल्न सकिएको छैन ।

आजको विश्व बनावटी पर्यटन बजारमा आश्रित भइरहँदा यस क्षेत्रले स्वनिर्मित सम्पदा र विविधतामार्फत आफ्नो अलगै पहिचान बनाउन सफल छ ।



सामाजिक र सांस्कृतिक विविधताले भरिपूर्ण मिथिला क्षेत्रको भाषा-संस्कृति, चाडपर्व, धार्मिक अनुष्ठान, रहनसहन र चित्रकला एक सपाट परिचय हो नै, साथसाथै जनकपुरको दोस्रो परिचय यहाँका तालतलैया हुन् । जनकपुर 'पोखरी नै पोखरीको नगर' हो ।

यहाँका पोखरीहरू आफैँमा विगतको वातावरण अथवा हावापानीलाई आफ्नो गर्भमा सुरक्षित राख्ने प्राकृतिक दस्तावेज हुन्, जसले यस क्षेत्रलाई विश्वसम्पदा सूचीमा सूचीकृत गराउन महत्त्वपूर्ण भूमिका खेल्न सक्छन् । तालतलैयाकै कारण जनकपुर र माछा पर्यायवाची भएका हुन् ।

पोखरीलाई पोखरी वा ताल नभनेर 'सागर' भन्ने मिथिला संस्कारले वास्तवमै पोखरी र धार्मिक सद्भावलाई एकापस जोडिरहेको संस्कृतिविद् एवं पत्रकार प्रफुल्ल घिमिरे बताउँछन् । 'पोखरीले अत्यधिक गर्मीको समयमा पनि सहरलाई हावा दिन्छ भने अत्यधिक जाडोको दिनमा तुलनात्मक ताती हावा दिन्छ,' उनी भन्छन् । वातावरणीय सन्तुलनदेखि मानव स्वास्थ्यमा सोझो सकारात्मक सम्बन्ध राख्ने यस्ता सागर खन्ने काम सुरकिशोर दास आएसँगै सुरु भएको बताइन्छ ।

सन् १७२७ मा मकवानपुरका राजा मानिकसेनले रामदासलाई जानकी मन्दिरको महन्त घोषणा गरेको लिखतअनुसार रामदास आधुनिक जनकपुरका संस्थापक सुरकिशोर दासका चौथो पुस्ताका शिष्य थिए । रामदास जानकी मन्दिरका पहिलो महन्त हुन् र उनीभन्दा पहिलेका सुरकिशोरदास, प्रयागदास र जनकवैदेही दासलाई सन्त भनिएको छ, (रोशन जनकपुरीसँगको कुराकानी) ।

**सौन्दर्यीकरण र सहरीकरणको मारमा सागर**

राष्ट्रिय ताल संरक्षण विकास समितिका अनुसार, देशभर पाँच हजार तीन सय ५८ वटा र धनुषामा मात्रै दुई सय ३० वटा साना-ठूला तालतलैया रहेका छन् ।

जनकपुर टाउन प्रोफाइल २०४८ का अनुसार, जनकपुरधाममा ५८ वटा धार्मिक पोखरी र अन्य निजीलगायत जोडेर ८२ पोखरी थिए। यीमध्ये २४.१ प्रतिशत ठीक अवस्थामा, ४३.१ प्रतिशत नराम्रो अवस्थामा र ३२.८ प्रतिशतले आफ्नो अस्तित्व गुमाएको 'बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्, जनकपुरधाम' (२०७३/७४) को प्रतिवेदन छ । पछिल्लो ६ वर्षको पछिल्लो तथ्यांक नआइसकेकाले अवस्था झनै खराब रहेको आशंका पनि गर्न सकिन्छ ।

जनकपुरधामका तालतलैया मिथिला महात्म्यले निर्देश गरेका धार्मिक विश्वाससँग गाँसिएका अति प्राचीनमध्ये एक प्राकृतिक सम्पदा हुन् । दलदले क्षेत्र देख्नेबित्तिकै जेसीबी लगाउने, पोखरी खन्ने अनि पोखरीमा ड्डा हालेर आम्दानी गर्ने कामले यहाँ पनि निरन्तरता पाएको देख्न सकिन्छ ।

अर्कोतर्फ, जनकपुरमा 'पहाडी गाछी'को अस्तित्व समाप्त भइसकेको छ भने 'तिरहुतिया गाछी, बारहबिघा, बावनबिघा, र ानीबजार, जानकी फूलबारी'जस्ता सम्पदा धराशयी हुने क्रममा छन् । तालतलैयाको संरक्षण हुन सकेमा यस्ता महत्त्वपूर्ण गाछीको पनि स्वतः जगेर्ना हुनेछ । पानी छ भने कुनै पनि भूमिले वनस्पति उमारि रहेको छ भन्ने पुष्टि हुन्छ । तालतलैया र पोखरीले यहाँको जमिन मलिलो र रसिलो बनाउन एवं वनस्पतिको मात्रा र उपयोग बढाई पर्यटकीय सम्भावनाको ढोका उघार्न महत्त्वपूर्ण भूमिका खेल्छ, तर महत्त्वपूर्ण गाछीहरू नष्ट हुँदै जानुले राम्रो संकेत गरेको छैन ।

सुन्दरता र पर्यावरणको आपसी महत्त्व नबुझी राजनीतिक स्वार्थबाट प्रेरित भई पोखरीमाथि अतिक्रमण बढ्नु आफैँमा दुःखद रहेको इतिहासकार एवं पत्रकार श्यामसुन्दर शशि बताउँछन् । 'मैले यहाँको पोखरीको पानी हत्केलामा लिएर खाएको छु । यहाँका महिलालाई सोध्नुस्, खाना पकाउने पानी यिनै तालतलैयाकै हुन्, तर अहिले कुनै पनि पोखरीमा खुट्टा पखाल्न अप्ठेरो लाग्छ । पोखरी वरपर पुग्दा नाक समाउनुपर्छ,' उनी भन्छन् ।

जनकपुरका तालतलैया नुहाउन लायक मात्रै बनाउन सकियो भने पर्यटनको एउटा आधार तय हुने एवं जनकपुर विश्वसम्पदा सूचीमा सूचीकृत हुने थप आधार तयार हुने शशिको मत छ । बृहत्तर जनकपुर क्षेत्रअन्तर्गत जनकपुर नगरपालिकाभित्र रहेका पोखरी, पोखरीका डिल प्लास्टिकजन्य फोहोरमैलाले भरिँदा पोखरीको जैविक विविधता मासिँदै गएकोप्रति उनी चिन्ता व्यक्त गर्छन् ।

सौन्दर्यीकरणका नामको व्यापारिक लाभबाट प्रेरित भई गरिएका भवन निर्माण, बाटोघाटो र बजार क्षेत्रको चहलपहलले जनकपुर क्षेत्रका सम्पूर्ण सागरको आयु घटिरहेको देख्छन्, मिथिला कला नाट्य परिषद्का अध्यक्ष एवं उपमहानगर पालिकाका प्रवक्ता परमेश्वर झा । '२०२६ पश्चात् अनधिकृत रूपमा

*बाँकी पृष्ठ ३ मा*




# सडेगलेको अवस्थामा एक महिलाको शव फेला

**ढल्केवर** / धनुषामा सडेगलेको अवस्थामा एक महिलाको शव फेला परेको छ । जिल्लाको मिथिला नगरपालिका-५, औरहीथान सामुदायिक वनमा सडेगलेको अवस्थामा शुक्रबार साँझ एक महिलाको शव फेला परेको प्रहरीले जानकारी दिएको छ ।

इलाका प्रहरी कार्यालय ढल्केवरका प्रहरी निरीक्षक कवीन राईले शव कुहिएको अवस्थामा फेला परेको हुँदा पहिचान गर्न नसकिएको बताउनुभयो । जङ्गल पुगेका स्थानीयले शव देखेपछि प्रहरीलाई खबर गरेका थिए । खबर पाएलगतै घटनास्थल पुगेको प्रहरी टोलीले शवलाई पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुर पठाएको छ ।

केही दिन अगाडि मृत्यु भएको हुन सक्छ, शरीर कुहिएको हुँदा पहिचान गर्न सकिएको छैन, प्रहरी निरीक्षक राईले भन्नुभयो, "जिल्लामार्फत जिल्ला मातहतका प्रहरी कार्यालयलमा खबर गरिएको छ, अहिलेसम्म कुनै मानिस हराएको निवेदन परेको छैन ।"

## सम्पादकीय

# जमिनमुनिको पानी केका लागि प्रयोग गर्ने

तराई मधेशमा अचेल गजवको द्विविधा उत्पन्न भएको छ । वाटर लेवल स्वातै घटेको छ । चापाकलमा पानी आउँदैन । इनार सुक्न थालेका छन् । मोटरबाट जमिनमुनिको पानी निकालेर किसान खेत रोप्न बाध्य छन् । यता खानेपानीको मुख्य स्रोत भनिएको चापाकलमा पानी आउन छाडेको छ । कस्तो द्विविधा ? जमिनमुनिको पानी पिउन प्रयोग गर्ने कि खेत सिँचाइ गर्ने ? एक दशक अघिसम्म तराई मधेशका चापाकल र इनार मा बाह्रै महिना पानी हुन्थे ।

गाउँ गाउँ स्वचालित बोर्डिङ्ग हुन्थ्यो । नदी र खोलामा मनग्यै पानी हुन्थे । जसको प्रयोग खानेपानीदेखि सिँचाइसम्ममा गरिन्थ्यो । खडेरी पर्दा नदी,नालामा बाँध बाँधी सिँचाइ गरिन्थ्यो । नदीदेखि खेतसम्म पानी पुऱ्याउन स्थानीय किसानले बनाएको नहर (पैन) को अवशेष नभेटिने तराई मधेशका बिरलै गाउँ होलान् । पछिल्ला वर्षहरुमा जमिनमुनिको पानीको सतह निरन्तर घटदो छ । १ सय ५० फिटमा हुने चापाकल अचेल २ सय ५० फिटमा पनि हुँदैन । आर्सेनिकमुक्त पानीको खोजीमा हुनेखानेहरु ४ सय ५० फिट गहिरो चापाकल जडान गराउन थालेका छन् । यसो भन्नु पर्दा अव डेढसय फिट मुनिको पानीको मुहान सुकिसक्यो । २ सय ५० फिट मुनि पानीको मुहान घट्न थालेको छ । यही क्रम जारी रह्यो भन्ने आगामी दश वर्षभित्र ४ सय ५० फिटमुनि पनि पानी सुक्नेछ । अनि मरुभूमिकरण तर्फ अग्रसर तराई मधेश पूर्णतः मरुभूमि बन्नेछ । खाद्य संकटमात्र होइन, जलसंकट पनि उत्पन्न हुनेछ । खानेपानीको मुहान सुकेपछि पहाडका अनेकौ गाउँ विस्थापित भएको खबर हामीले पढे सुनेकै हौं । यद्यपि नेपालमा अहिले पनि खाद्यसंकट छ ।

आर्थिक वर्ष ०७७/७८ मा विदेशबाट ३ खर्ब २३ अर्बको खाद्यान्न आयात भएको थियो भने आ.व. ०७८/०७९ मा ४७.५७ अर्बको धान चामल, २०.४५ अर्बको मकै, ६.७३ अर्बको गहुँ तथा ३८.६८ अर्बको तरकारी विदेशबाट आयात भएको थियो । नेपालीहरूले कुल आम्दानीको ५३.८२ प्रतिशत खाद्यान्नको खरिदमा खर्च गर्नुपरेको र ४८ प्रतिशत घर धुरी खाद्यान्नको जोखिममा रहेको विभिन्न तथ्यांकले देखाएको छ । नेपालमा आयात हुने खाद्यान्नमध्ये झण्डै ९० प्रतिशत भारतबाट हुने गरको छ । खडेरी परेको कारण भारतको धान उत्पादन प्रदेशमा गनिने विहार,उत्तरप्रदेश,पंजाव,हरियाना आदिमा धान उत्पादन न्यून हुने अनुमान गरेर भारत सरकारले वासमतीवाहेकको चामलको निर्यातमा रोक लगाएकोछ । भारतले चामल निर्यातमा रोक लगाउनुको सर्वाधिक प्रभाव नेपालमा पर्ने निश्चित छ । श्रावण मध्यसम्म नेपाल तराईमा पनि पानी परेको छैन । किसानहरु खडेरी पर्ने अटकल लगाउन थालेका छन् । सिँचाइको वैकल्पिक स्रोत भनिएको मोटरबाट पानी आउन बन्द भएको छ । अर्थात् नेपाल खाद्यान्न र खानेपानीको चरम शंकटमा पर्ने लक्षणहरु देखिन थालेको छ । तर विडम्बना, यस्तो विकराल समस्या राजनीतिक बहसको विषय बन्न सकेको छैन ।

# आर्थिक अपराधले आक्रान्त नेपाल

बद्रिनरसिंह केसी

नेपाल यतिबेला दोहोरो आर्थिक संकटमा फसेको छ। एकातिर कालो धनका धनपतिहरूको बोलवालाले सत्ताधारीहरूलाई वशीभूत गरिरहेको छ। अर्कातिर आर्थिक अपराध, दण्डहीनता र कुशासनको पारो झनै बढेर गएको छ। यसको प्रमाण हो स्विस बैंकहरूमा नेपालीले जम्मा गरेको स्रोत नखुलेको अवैध रकम दोब्बर वृद्धि भई करिब ५० अर्ब पुग्नु। सुशासनका लागि प्रतिबद्ध, जनउत्तरदायी, जिम्मेवार र इमानदार सरकार भएको मुलुकमा यस्ता घटना बिरलै हुने गर्छन्। भइहाले पनि दोषीले क्षमा नपाउने गरी कठोर कारबाही र दण्ड-सजाय हुन्छ। तर आजको नेपालमा राज्यसत्तामा भ्रष्ट, माफिया, तस्कर, राज्यदोहनका परजीवी जुकाहरूको दबदबा छ, जसको सञ्जाल सिंहदरबारमा मात्र होइन, संवैधानिक शक्तिकेन्द्र वा गौँडाहरूभरि छ्याप्छ्याप्ती छ। २०६३ सालपछिको १७ वर्षे कालखण्डमा त लोकतान्त्रिक गणतन्त्रको आवरणमा आर्थिक अपराधले सीमा नाघिसकेको छ।

नक्कली भुटानी शरणार्थी काण्ड, ललिता निवासको जग्गा हडपेको काण्ड, क्विन्टल भन्दा बढी सुन पक्रेको काण्ड त कुशासनको पराकाष्टामा पापको घ्याम्पा छताछुल्ल हुन पुगेका, औँलामा गनिने घटना हुन्। सतहभित्र हेर्नासाथ राज्यविरुद्धको अपराध र कुशासनको भयाबह चित्र कहालीलाग्दोरूपमा बसेको छ। हो, यसले अब बिष्फोटक रूप लिने बाटो खोजिरहेको छ। पञ्चायतकालमा पनि सुन तस्करी हुने गर्थ्यो तर त्यो निकै सानो स्केलमा देखिन्थ्यो। नेपाल प्रहरी र सेनाका केही अधिकारी त्यो बेला पक्राउ परेका थिए। सुर्खेत र तनहुँबाट निर्वाचित राष्ट्रिय पञ्चायतका दुईजना सदस्य र ह्नेहात पक्राउ परेकोबाहेक तीन दशकको अवधिमा नेपाल आज जस्तो तस्करीको केन्द्रचाहिँ भएको थिएन। आज नेपाल कालो धनका सारा गतिविधिको अन्तर्राष्ट्रिय केन्द्र बन्न पुगेको छ।

सहकारी संस्थाहरूमा रकम हिनामिना र शोषण, घर-जग्गा, बिमा, सेयर बजारमा नक्कली बिलको आधारमा कालो धनलाई वैध सम्पत्ति बनाउने अनियन्त्रित गतिविधिको परिणामस्वरूप पनि अन्तर्राष्ट्रिय आर्थिक जगत्मा नेपाललाई नकारात्मक सूचीमा पार्ने खतराको तरबार प्रत्येक नेपालीको टाउकोमाथि झुण्डिरहेको छ। महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा हरेक वर्ष तीव्र गतिले बढिरहेको देखिने सरकारी बजेटको अपव्यय, बढ्दो बेरुजु र अराजकता, आर्थिक अपराधका सत्य कथाहरू आदिका कारण सत्तामा आर्थिक अपराधीहरूको जगजगी हो।

एशिया तथा प्रशान्त क्षेत्रका ४१ वटा मुलुक सदस्य भएको एशिया-प्यासिफिक ग्रुप (एपिजी) को प्रतिवेदनअनुसार ६ कारणले नेपाललाई नकारात्मक सूचीमा राख्नुपर्ने अवस्थामा पुर्याइएको देखिन्छ। कानुन निर्माण, यसको कार्यान्वयन गर्ने संस्थाहरूको अभाव वा भयानक कमजोरी, कार्यान्वयनको इच्छाशक्तिबिहीन चरम शासकीय दुर्बलता, सुपरीवेक्षण जस्ता छ आधारभूत पक्षको परिसूचक हेर्दा नेपाल निकै पछाडि देखिएको छ।

महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा हरेक वर्ष तीव्र गतिले बढिरहेको देखिने सरकारी बजेटको अपव्यय, बढ्दो बेरुजु र अराजकता, आर्थिक अपराधका सत्य कथाहरू आदिका कारण सत्तामा आर्थिक अपराधीहरूको जगजगी हो।

गत असार २४ देखि २९ सम्म क्यानडाको भ्यान्कुभर सिटीमा भएको 'एसिया प्यासिफिक ग्रुप (एपिजी) अन मनी लाउन्डरिङ' को वार्षिक विस्तारित बैठकमा नेपालले कालो सूचीबाट बच्ने एकवर्षे म्याद पाउन धेरै कसरत गर्नुपरेको थियो। त्यसका लागि राष्ट्र बैंकका गभर्नरको नेतृत्वमा सरकारको वित्तीय र कानुनी विभागहरूको नेतृत्व सम्हालेका ३५ जना अधिकारीको हुल नै जानुपरेको थियो। सम्पत्ति शुद्धीकरण तथा मुद्रा निर्मलीकरण मामिलामा निगरानी राख्ने अन्तर्राष्ट्रिय संस्था फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटिएफ) को नकारात्मक सूची (ग्रे लिस्ट) मा पर्ने, गत वर्ष माघमा नै प्रस्तुत प्रतिवेदनले निश्चित देखाएको थियो। तर यसपालि पनि हालै नेपालले थप एक वर्षसम्मको समयसीमा पाएको छ।

भ्रष्टाचार, अवैध आर्थिक कारोबार , अनेकानेक प्रकारका तस्करी र मानवता विरोधी अपराध जनाउने व्यापार वृद्धि हुँदै जाने, 'समानान्तर अर्थतन्त्र' नामक कालो धनका मालिकहरूको बोलवाला र सत्तामा हावी हुने खेल चलिरहने हो भने नेपाल पनि दक्षिण अफ्रिका र नाइजेरिया जस्तै नकारात्मक सूचीमा पर्न बेर लाग्ने छैन भन्ने क्यानडाको चेतावनी र खबरदारी बोकेर राष्ट्र बैंकका गभर्नर अधिकारी स्वदेश फर्केका हुन्। सोही चेतावनी र खबरदारीलाई छल्ने र अन्तर्राष्ट्रिय आर्थिक संगठनहरूमा नेपाल कालो सूचीमा पर्नबाट बच्ने उपाय र विकल्प नभएपछि सुन तस्करी, भ्रष्टाचार जस्ता आर्थिक अपराधका काण्डमा सरकारले ताउरमाउर देखाइरहेको हो। तर जे भए पनि प्रधानमन्त्री प्रचण्ड र उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले आर्थिक अपराधमाथि निर्ममतापूर्वक कारबाही गर्ने दृढता देखाएर जनताको उत्साहजनक समर्थन पाएका छन्, यसलाई बीचैमा तुहाइयो वा पछि हट्न थाले भने उनीहरूको पतन त निश्चित छ। नेपाल पनि गम्भीर आर्थिक दुर्घटनामा पर्ने अवश्यम्भावी छ।

डा. बाबुराम भट्टराई प्रधानमन्त्री भएको बेला २०६८ माघको अन्तिमतिर फ्रान्सको पेरिसमा भएको 'मुद्रा निर्मलीकरण अनुगमन गर्न बनेको अन्तरसरकारी वित्तीय कार्यदल' (एफएटिएफ) को बैठकले चार महिनाका लागि नेपाललाई कालो सूचीमा नराख्ने निर्णय त गरेको थियो तर कालो सूचीमा नराख्न प्रधानमन्त्रीदेखि राष्ट्र बैंकका अधिकारीसम्मको सातो उडेझैँ गरी त्यो बेला भएको दौडादौड, उसिनपसिन र भारतलाई कूटनीतिक पहल गरिदिन गरिएको अनुरोधले नेपाल कतिसम्म निरीह र पराधीन भइसकेको थियो भन्ने पनि देखिएकै हो।

पञ्चायत कालमा पनि सुन तस्करी हुने गर्थ्यो तर सुर्खेत र तनहुँबाट निर्वाचित राष्ट्रिय पञ्चायतका दुईजना सदस्य र ह्नेहात पक्राउ परेकोबाहेक तीन दशकको अवधिमा नेपाल आज जस्तो तस्करीको केन्द्रचाहिँ भएको थिएन।

आर्थिक संकट, महामन्दी र तस्करी तथा कालो धनको जगजगी बढ्दै जाने गतिले यहाँ पनि विदेशी मुलुकमा भएका भिआइपी कारबाही हुने लक्षणहरू घनीभूत भइरहेका छन्। नेकपा एमालेबाट संसद्को काम ठप्प बनाउने कार्यको खेलभित्र कारबाहीको डण्डा आफ्नै पार्टीभित्र आउन सक्ने खतरालाई छल्ने निरर्थक कसरत हो। प्रधामन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले 'पहिले त्यसै थन्क्याइएका भ्रष्टाचारका फायल एकएक गरी खोल्दै जाने' दृढताको जवाफमा एमाले अध्यक्ष खड्गप्रसाद ओलीको हुकुमले एमालेबाट संसद अवरुद्ध गरिएको देखिन्छ।

श्रीलंकाको सत्तामा तीसौँ वर्षदेखि मन्त्री, प्रधानमन्त्री, राष्ट्रपति जस्ता महत्वपूर्ण ओहोदा लिएर रजगज गर्दै रहेका महिन्दा राजापाक्षेलाई मुलुकको अर्थतन्त्र ध्वस्त बनाएको दोषमा जनताले लखेटेपछि उनले सपरिवार सेनाको ब्यारेकमा शरण लिएर केही दिनपछि विदेशतिर भाग्नुपर्यो। उनका कतिपय मन्त्री र सांसदले सडकमा जनताको लाठो खानुपर्यो।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# राजस्वको प्रारम्भिक निष्कर्ष : सय किलो सुन अदुकियाकै

**सागर न्यौपाने**

**साउन २० गते, काठमाडौं**

राजस्व अनुसन्धान विभागले करिब सय किलो तस्करीको सुनका मुख्य ठेकेदार राकेश अदुकिया नै भएको प्रारम्भिक निष्कर्ष निकालेको छ।

रेडी ट्रेड प्रालिका नाममा ब्रेक सुमा राखेर हङकङबाट काठमाडौं ल्याइएको सुन सिनामंगल पुऱ्याइसकेको अवस्थामा राजस्वको टोलीले साउन २ गते बरामद गरेको थियो।

सुन बरामद गरेदेखि नै व्यापारीहरु अदुकिया, दीपक मलहोत्रा र सञ्जय बबैया राजस्वको अनुसन्धान रेडारमा तानिएका थिए।



तीनै जनामाथि समानान्तर अनुसन्धान गरिरहेको राजस्वको टोली १७ दिनपछि साउन २ मा बरामद भएको सय किलो सुनका सुनका मुख्य ठेकेदार अदुकिया भएको निचोडमा पुगेको हो। तर यो सुन राकेशले कहाँ कहाँ पुर्याउँथे भन्ने खुलिसकेको छैन।

यद्यपि अब यस सुन प्रकरणको थप अनुसन्धान प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले गर्ने भएकोले नयाँ तथ्य भेटिने सम्भावना पनि छ।

'यो सुन राकेश अदुकियाकै भन्ने हाम्रो अनुसन्धानको प्रारम्भिक निष्कर्ष छ,' अनुसन्धानमा खटिएका एक अधिकृतले नेपालखबरसँग भने, 'केही तथ्यले हामी सुनको मुख्य मालिक उनै हुन् भन्नेमा पुगेका हौं।'

नेपालमा सुन बरामद भएकै दिनदेखि अदुकिया सम्पर्कविहीन छन्। उनी २५ वर्षअघिदेखि सुन ल्याउने कार्यमा संलग्न रहेको आरोप छ।

'सय किलो सुनका मालिक खोज्दै जाँदा हामीले अदुकियाका केही शंकास्पद गतिविधि नियालेर यो सुन उनकै हो भन्ने निचोडमा पुग्यौं,' ती अधिकृतले थपे, 'जे तथ्य भेटाएको छौं, सोही कुरा उल्लेख गरेर अब केही दिनमा रिपोर्ट बुझाउँछौं।'

अदुकियाले भने नेपालखबरसँग कुरा गर्दै सुन आफ्नो नभएको दाबी गरेका छन्। मुख्य तस्कर जोगाउन र विषयलाई मोड्न आफ्नो नाम मुछिएको उनको भनाइ छ।

सुन तस्करी प्रकरणलाई संगठित अपराध अन्तर्गत अनुसन्धान गर्न सीआईबीले अनुमति पाएसँगै अनुसन्धान नयाँ रुपबाट अघि बढ्नेछ।

यदि सीआईबीले पनि प्रमाण फेला पारे अदुकियामाथि संगठित अपर ाध र राजस्व छलीको मुद्दा चल्नेछ। अदुकियाले भारतीय राहदानी प्रयोग गरेर हङकङ र यूएई यात्रा गर्ने गरेको देखिएको छ। पछिल्लो नौ महिनामा उनले १४ पटक नेपाल-हङकङ ओहोरदोहोर गरेका छन्। २०७९ असोजदेखि २०८० असार सम्ममा अदुकिया त्रिभुवन विमानस्थलबाट १४ पटक हङकङ पुगेको विमानस्थल अध्यागमनको रेकर्डमा देखिन्छ।

नेपाली नै भए पनि अदुकियाले हङकङस्थित भारतीय नियोगबाट २०10 जुलाई ३ मा राहदानी लिएको देखिन्छ। २०1८ जुलाई 1० मा उनको राहदानी नवीकरण भएको छ।

नेपाली नागरिकता राखेर व्यापार-व्यवसाय गरिरहेका अदुकियाले कसरी भारतीय राहदानी लिए भन्ने खुलेको छैन।

असार २० मा हङकङबाट दुबई हुँदै अदुकिया नेपाल आएका थिए। त्यसको ९ दिनपछि करिब १ क्विन्टल सुन हङकङबाट भित्रिएपछि राजस्वले बरामद गरेको थियो।

सुन बरामद गरेपछि मालिक खोज्न राजस्वले १९ जनालाई नियन्त्रणमा लिएर बयान लिइसकेको छ। उनीहरु सबैलाई ललितपुर प्रहरी र सानेपा वृत्तको हिरासतमा र ाखिएको छ।

**दावा पक्राउ परेपछि राजस्वले पाएको 'क्लु'**

राजस्वले काठमाडौंका सोह्रखुट्टे, बालुवाटार, ठमेल र टोखामा छापा मारेर सुन बनाउन प्रयोग गरिएका विभिन्न सामग्री बरामद गरेको छ। ठमेलको होटेल भियनामा बसेर दावा छिरिङले सुन तस्करी गरेको पाइएपछि राजस्वले साउन १३ गते पक्राउ गरेको थियो।

उनलाई पक्राउ गरेपछि राजस्वले सुन मालिकबारे केही क्लु भेट्टाएको हो। राजस्वले होटलका कागजात नियन्त्रणमा लिएको छ।

दावाले सुन तस्करसँग मिलेर काम गर्नकै लागि होटल भियना प्रयोग गरिरहेको तथ्य फेला पारेर राजस्वको टोलीले निगरानी बढाएको थियो। त्यसअघि करिब सय किलो सुनमा कनेक्सन देखिएपछि साउन ४ मा चिनियाँ नागरिक जिक्वाङ लिन पक्राउ परेका थिए।

तस्करले नेपाल भित्र्याएको सुन लिनले बालुवाटारमा रहेको कार खानामा लगेर प्रशोधन गर्थे। उनको कारखाना राजस्वले सिल गरि दिएको छ।

लिन र दावाबीच पहिलेदेखि सम्पर्क भइरहेको खुलेको छ। पक्राउ पर्नुअघि ठमेलको होटल भियनामा दावा र लिनबीच भेट भएको पाइएपछि विभागले पक्राउ गरेको हो।

दावाले नै अदुकियाको सुन व्यवस्थापन गरेको हुनसक्ने राजस्व स्रोत बताउँछ। तर, थप तथ्य जुटाउने कार्य भइरहेको छ।

तिब्बती मूलका दावा बेल्जियमका नागरिक हुन्। उनीसँग नेपालको काभ्रे जिल्ला प्रशासन कार्यालयबाट जारी भएको नागरिकता र त्यही आधारमा राहदानी फेला परेको छ। दावाले प्रयोग गरेका दुई वटै मोबाइल नेपाल प्रहरीको विधि विज्ञान प्रयोगशालामा पठाइएको छ।

'दावाले प्रयोग गरेका दुई वटै मोबाइल फरेन्सिक ल्याबमा पठाएका छौं, त्यसबाट थप नयाँ तथ्य खुल्न सक्छ,' ती अधिकृतले भने, 'उनको कनेक्सन कहाँकहाँ र को कोसँग थियो खुल्नसक्छ। अहिलेसम्म बयानमा दावा कुनै कुरा खोल्न तयार छैनन्।'

'ठमेल अपराधको अखडा रहेछ। त्यस्तो ठाउँको भियना होटेलमा बसेर उनले अवैध कारोबार गरिर हेको हुनसक्छ। त्यो होटेलमा जोकोहीले प्रवेश नै नपाउने रहेछन्,' उनले थपे।

**बबैया ग्रुपको धन्दा : सुन प्रशोधन गर्ने, बजार पठाउने**

राजस्व टोलीले नेपालमा तस्करीबाट भित्रिएको सुनको व्यवस्थापन कार्यमा बबैया भन्ने ग्रुपले काम गरिरहेको तथ्य पनि फेला पारेको छ।

सय किलो सुनको मालिक खोज्दै जाँदा हङकङ हुँदै नेपाल भित्रिएका तस्करीको सुन बजारमा पठाउने काम सो ग्रुपबाट हुने गरेको पाइएको राजस्व अनुसन्धानका महानिर्देशक नवराज ढुङ्गानाले जानकारी दिए।

'तस्करले विभिन्न सामानमा र ाखिएको सुन निकाल्ने, स्वरुप परि वर्तन गर्ने र बजार पठाउने काम बबैया ग्रुपले गर्दो रहेछ,' उनले नेपालखबरसँग भने, 'रिटेल र होलसेल दुवै त्यही ग्रुपबाट हुने गरेको पाइयो।'

उनका अनुसार सो ग्रुपले समानान्तर रुपमा सबै तस्करको सुनको व्यवस्थापन गरिदिन्छन्।

नेपालमा गएको दुई महिनायता भित्रिएको साढे ७ क्विन्टल सुन तिनै ग्रुपले नेपाली बजार र भारतीय बजार पठाएको आकलन राजस्वको छ।

**सुन तस्करीमा चारपाँच वटा समूह**

नेपालमा सुन तस्करी हुन थालेको धेरै वर्ष भइसकेको छ। बहुदल स्थापना यता निरन्तर सुन तस्करी भइरहेको छ। तर, पछिल्ला दिन ठूलो परिमाणमा तस्करी हुन थालेपछि यसको चर्चा हुन थालेको हो।

पछिल्ला तस्करी प्रकरणमा कम्तीमा चारपाँच वटा समूह नै लागेको राजस्व अनुसन्धान विभागले जनाएको छ।

विभागका अनुसार पालो मिलाएर वा लट मिलाएर ती तस्करले सुन ल्याउने धन्दा चलाउने गरेका छन्।

*नेपालखबरबाट*

# अतिक्रमण र प्रदूषणको मारमा ...

बढेको सहरी संरचना, सरोकारवाला निकायको उदासीनता एवं बदमासी र नाफामुखी माछा व्यवसायले जनकपुरको जल पर्यटन र सांस्कृतिक विरासतलाई धराशयी बनायो,' झा भन्छन्, 'यी पोखरीमा नुहाउँदा शरीरबाट रोग भाग्ने होइन, रोग लाग्ने स्थिति छ। धर्म गर्न आएका भक्तजनमाथि हामीले यस प्रकार पाप गर्नुहुँदैन।'राजा जनकले हरेक दिन बिहान र साँझ स्नान गर्ने सागर, त्रेतायुगमा ऋषिमुनिले स्नान गर्ने पोखरीहरू, राजा दशर थ, भगवान् राम तथा गुरु विश्वामित्रले स्नान गरेको पोखरीका धार्मिक किंवदन्तीले यस क्षेत्रको प्रचारप्रसार गरिएको बताउँछन्, होटल व्यवसायी सङ्घ नेपालका मधेस प्रदेश प्रमुख एवं व्यवसायी विजय झुनझुनवाला। 'भार तबाट मिथिला आइरहेका पर्यटक हाम्रो प्रचारप्रसारको बलमा धार्मिक किंवदन्तीको बलमा यहाँ आइपुगेका हुन्, उनीहरूलाई स्वच्छ पानी देखाउन सके मात्रै पुग्छ, अरू केही गर्नुपर्दैन। धार्मिक महत्त्व बोकेको पानी छुन पनि घिनाएर उनीहरू भागिरहेका छन्, यो दुःखद कुरा हो,' उनले भने।उपमहानगरपालिकाको पर्यटन विभाग प्रमुख राजन कुमार सिंह पालिकाले समस्याको पहिचान गरिसकेको र समाधानका प्रयास थाल्ने क्रममै रहेको बताउँछन्। 'हामी आएको एक वर्ष मात्रै भयो। अनधिकृत अतिक्रमण र बर्सेनि माटो थुप्रिँदै जानु नै पोखरी संरक्षणको प्रमुख चुनौती हो,' उनी भन्छन्।पोखरीमा बगेर आउने भल पानी, पोखरी क्षेत्रमा पर्ने पानीको वार्षिक मात्रा र वाष्पीकरण भएर जाने पानीको वार्षिक मात्राको मूल्याङ्कनसहितको योजनाले पोखरी संरक्षण गर्न सकिने उनको भनाइ छ। 'पोखरीको वरिपरिको क्षेत्र अतिक्रमण रोक्ने प्रयास एवं सरसफाइलाई पहिलो प्राथमिकतामा राखेर काम गरिरहेका छौँ,' उनले भने, 'यसका लागि स्थानीयवासीबाट सहयोगको अपेक्षा गरिएको छ।'

**जैविक विविधता सङ्कटमा**

पोखरीहरू भूमिगत जलभण्डारणको पुनर्भरण गर्ने प्राकृतिक माध्यम हुन्। पोखरी लगायत सिमसार क्षेत्र मासिनु भनेको जैविक विविधता मासिनु हो।

कछुवा, बकुल्ला, पानीहाँस सबै सिमसारमा आश्रित छन्। सिमसार एवं तालतलैयामा आश्रित जीवहरूको सूची लामो छ। यी जीवले प्राकृतिक सन्तुलन र जैविक विविधता बढाएका छन्, पारिस्थितकीय प्रणाली जोगाउन भूमिका खेलेका छन्। वातावरणीय सन्तुलन, जैविक विविधता र जीवनचक्रसँग मात्र नभएर तालतलैया जैविक विविधतासँग पनि सम्बन्धित छ। तालतलैयाले कार्बन सञ्चित गरेर राख्छन्। यसले संसारमा उत्सर्जन हुने ३० प्रतिशत कार्बन सोस्ने गरेको अध्ययनले देखाएका छन्। प्रकृतिमा हुने खाद्य चक्रको सन्तुलनमा एवं प्रकोप न्यूनीकरणमा पनि यसले भूमिका खेलेको हुन्छ।

अर्कोतर्फ प्रायः पोखरी हाम्रा परापूर्वकालदेखि चलिआएका चाडपर्व र संस्कृतिसँग जोडिएका छन्। यसले के देखाउँछ भने हाम्रा पितापुर्खाले पोखरीको महत्त्व राम्रोसँग बुझेका थिए र सोही अनुरूप पोखरीको दीर्घकालीन संरक्षण र संवर्द्धनको व्यवस्था पनि मिलाएका थिए। पुर्खाको विरासतलाई संरक्षण गर्दै आगामी पुस्तालाई हस्तान्तरण गर्नु वर्तमान पुस्ताको सदैव दायित्व हुन आउँछ। यस कुरालाई मनन गरी स्थानीय सरकारको नेतृत्वमा प्रदेश र सङ्घीय सरकारले यहाँका पोखरीको जैविक विविधता जोगाउनतर्फ गम्भीर हुनुपर्छ।

स्थानीय सरकारले आफ्नो क्षेत्रमा भएका पोखरीको अध्ययन गराई पोखरी उत्पत्ति हुनुको भौगर्भिक कारण, पोखरी र भूमिगत जलको सम्बन्ध, पोखरीमा आश्रित जलचर र थलचरको सूची, पोखरीले वातावरणलाई पुऱ्याएको लाभ, पोखरीसँग गाँसिएको स्थानीय संस्कृतिजस्ता महत्त्वपूर्ण सूचना तयार पारी पोखरीको छेउमा एउटा अध्ययन कक्ष बनाउनु राम्रो हुन्छ। पोखरी रहेको क्षेत्रका स्कुले विद्यार्थीलाई अनिवार्य रूपमा एकचोटि पोखरीको अध्ययन भ्रमण गराउने परिपाटी पनि बसाल्नुपर्छ।पोखरीको विनाशले भूमिगत जल भण्डारणमा सञ्चित हुन जाने जलको मात्रालाई सीमित बनाइदिन्छ र अन्ततोगत्वा भूमिगत जल नै समाप्त हुने स्थिति सिर्जना हुन सक्छ।कृत्रिम शृङ्गारले मिथिला सिँगारिने हो भने पर्यटकले यहाँ आउनुको कुनै तुक भेट्ने छैनन्। अतः प्राचीनतम, पौराणिक कथासँग जोडिएका प्राकृतिक तालतलैयाको संरक्षण, संवर्द्धन र प्रचारप्रसारले जनकपुरलाई आत्मनिर्भर बनाउनेछ।

**जनकपुरका महत्त्वपूर्ण तालतलैया**

जनकपुरधाममा भएका केही महत्त्वपूर्ण कुण्ड रहेका छन् – बिहार कुण्ड, अग्नि कुण्ड, मध्यमा सर, रत्न सागर, अङ्गराज सर, सूर्य कुण्ड, गङ्गा सागर, धनुष सागर, दशरथ तलाउ, पापमोचिनि सर, परशुराम कुण्ड, जनक सरोवर, गोपाल सर, रुक्मिणी सर, मुरली सर, विडाल सर, राम सर, कपाल मोचिनि सर, महाराज सागर, पाकवति सर, धौत-पाप सर आदि।

जनकपुरका पवित्र ताल, सरोवर र नदीको किनार छठ पर्वमा विशेष रौनकता साथ रंगिरहेको देखिन्छ।-रातोपाटीबाट

# बर्दिवास १३ विजलपुरामा बर्थिंग सेन्टर एवम् जनस्वाथ्य प्रयोगशाला शुभारम्भ




**धर्वेन्द्रकुमार यादव यदुवंशी**

**साउन २० गते, बर्दिवास**

बर्दिबास नगरपालिकामा बर्थिंग सेन्टर एवम् जनस्वाथ्य प्रयोगशालाको शुभारम्भ भएको छ। बर्दिवास नगरपालिका वडा नम्वर १३ विजलपुराको स्वास्थ्य चौकी भवनमा संचालन गरिएको सो बर्थिंग सेन्टर एवम् जनस्वाथ्य प्रयोगशालाको बर्दिवास नगर पालिकाका मेयर प्रहलाद कुमार क्षेत्रीले गरेका हुन्।

मेयर क्षेत्रीले उदघाटन समारोहलाई सम्बोधन गर्दै एक महिना भित्रै विजलपुरा स्वास्थ्य चौकीमा एम्वुलेन्स दिने घोषणा गरे। उनले भने, ञ निर्वाचित भए लगतै स्वाथ्य क्षेत्रमा कुनै किसिमको कमीकमजोर नहुन दिने गरी स्वास्थ्य क्षेत्रलाई सवल बनाउने उदघोष गरे अनुसार यस वर्दिवास नगरपालिका वडा १२ र १३ का लागि स्वास्थ्य चौकीमा बर्थिंग सेन्टरको सुविधा थप गरेका छौं।झ उनले यश सेवासुविधाले वडा १२ र १३ लाई मात्र नभई यसले छिमेकी नगर पालिका भंगहार औरही नगर पालिकाको सेवाग्राहीका लागि पनि सहयोग मिल्ने बताए।

गर्भवति महिला दिदिबहिनीहरुलागि सरकारले दिदै आएका सेवा सुविधामा थप आफू निर्वाचित भए लगतै एक हजार गरि जम्मा दुई हजार प्रतोसाहन भत्ता दिदै आएको र हालसालै बर्दिवास नगर पालिकाले गर्भवति महिला तथा असक्तका लागि नगर द्धारा निशुल्क एम्वुलेन्स सेवामा सहयोग गर्दै आएका मेयर क्षेत्रीले बताए। गाउँकै स्वास्थ्य संस्थामा सुरक्षित प्रसूति सेवा भएपछि सुत्केरी हुनका लागि जनकपुर, काठमाडौं पुग्नुपर्ने बाध्यता हटेको छ ।अस्पताल पुग्न नसक्ने आर्थिकरूपमा विपन्न समुदायका गर्भवतीलाई घरमै असुरक्षितरूपमा सुत्केरी हुनुपर्ने अवस्थाको अन्त्य भएको बर्दिबास नगरपालिका वडा नं १३ विजलपुराका वडाध्यक्ष लक्ष्मण महतोले बताए ।

वडाध्यक्ष महतोले भने, “नगर पालिकाको सहयोगमा प्रसूति केन्द्र सञ्चालन भएको हो ।” वडा कार्यालयको पहलमा नगरपालिकाले प्रसूति केन्द्र स्थापनाका लागि उपकरणको व्यवस्थापन गरेको छ । उनले भने, “बर्थिङ सेन्टर सञ्चालनका लागि आवश्यक पर्ने सबै उपकरण खरीद गरि उद्घाटन गरिएको छ ।” यसअघि सुत्केरी हुन जनकपुर, काठमाडौं र विरटनगरका अस्पताल जाने गरेका थिए । प्रसूति हुनका लागि लाखौं खर्च हुने गर्दथ्यो । कमजोर आर्थिक अवस्था भएका गर्भवती घरमै असुरिक्षत रुपमा बच्चा जन्माउन बाध्य थिए ।घरमै सुत्केरी हुनुलाई मातृ शिशु स्वास्थ्यका हिसाबले जोखिम मानिन्छ । बर्थिङ सेन्टर बाट बिजलपुरा, बर्दिवास र गौशालाका गर्भवतीलाई पनि सुविधा पुग्ने जनाइएको छ ।

# प्रदेश प्रमुख मिश्रद्वारा नि:शुल्क शल्यक्रिया अस्पतालको शिलान्यास




**अजयकुमार झा**

**साउन २० गते, जनकपुर**

मधेश प्रदेशका प्रमुख हरिशंकर मिश्रले जनकपुरधाममा खुडोपना सहितको अनुहारको अन्य समस्याको नि:शुल्क उपचार गर्ने स्वास्थ्य संस्थाबाट सबै वर्गका व्यक्ति लाभान्वित हुने विश्वास व्यक्त गर्नुभएको छ ।प्रदेश प्रमुख मिश्रले जनकपुरधामको वडा नं ८ मा नेशनल इन्स्टिच्युट अफ क्रेनोफेसियल सर्जरीसम्बन्धी अस्पतालको शिलान्यास गर्नुहुँदै जर्मनीका क्लेफ्ट चिल्ड्रेन ईन्टर नेशनल संस्थाको सहयोगमा सञ्चालन हुने उक्त अस्पतालमा सबै वर्गका बालबालिकाहरूको बिग्रेको अनुहारको शल्यक्रिया नि:शुल्क उपचार हुनु हर्षको विषय भएको बताउनुभयो ।

मधेश प्रदेशका विना विभागीय मन्त्री सुरिता कुमारी साहले यस्ता प्रकारको परोपकारी संस्थाले जनकपुरधाममा शाखा स्थापना गरेर सेवा प्रदान गर्न लागेकोमा खुशी व्यक्त गर्दै यस कार्यमा प्रदेश सरकारले सहयोग गर्ने बताउनुभयो ।मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका निमित्त उपकुलपति प्राध्यापक डा. अङ्कुर साहले जनकपुरधाममा खुडोपना तथा अनुहारका अन्य समस्याहरूको शल्यक्रिया तथा उपचार नि:शुल्क रुपमा हुनु सुखद भएको बताउनुभयो ।सभापतिको आसनबाट अस्पतालका संस्थापक अध्यक्ष डा. सुमित सिंहले संस्थाले पहिलो पटक काठमाडौंको वसुन्धरामा रहेको अस्पतालमा ३ सय २४ जनाको नि:शुल्क परीक्षण गरेर ५२ जनाको नि:शुल्क शल्यक्रिया गरेको बताउँदै जनकपुरधाममा संस्थाको अस्पताल खुलेपछि यस ठाउँका आम जनताले ठूलो लाभ पाउने आशा व्यक्त गर्नुभयो ।

उहाँले विश्व विख्यात जर्मन नागरिक क्रेनियोफेसियल प्राध्यापक डा.हर्मन सेलरद्वारा स्थापित क्लेफ्ट चिल्ड्रेन ईन्टरनेशनलले संस्थालाई सहयोग गर्दै आएको बताउँदै यसमा अनुहार नमिलेको भागहरूको हड्डी काटेर अनुहार मिलाएर चिटिक्क बनाउने विषयको शल्यक्रिया पनि हुने बताउनुभयो ।

# नेपाल-भारत सीमा सुरक्षा अधिकारीको बैठक सम्पन्न




**खबर दर्पण समाचारदाता**

**साउन २० गते, जनकपुर**

नेपाल-भारत सीमा सुरक्षा अधिकारीहरूको संयुक्त बैठक भारतको विहार राज्यको मधुबन्नी जिल्लाको शौराठमा आज सम्पन्न भएको छ ।

जिल्ला स्तरीय सीमा समन्वय बैठकमा सीमा क्षेत्रबाट हुने गरेको लागु औषधको ओसार पसार नियन्त्रणमा थप कडाइ गर्ने, सीमा क्षेत्रबाट हुने गरेका अन्य आपराधिक गतिविधि कडाइका साथ नियन्त्रण गर्ने, सिमानामा दुवै देशका सुरक्षा गस्ती बढाउने निर्णय भएको छ ।यसका साथै सीमा क्षेत्रमा हराएका सीमा स्तम्भको पुर्न निर्माणका लागि संयुक्त सर्भेका लागि केन्द्रमा लेखि पठाउने, भत्केका सीमा स्तम्भहरूको पुन: निर्माण गर्ने, नेपाल तर्फ हुने गरको नक्कली नोटको कारोबार एवं ओसारपसारमा कडाइ गर्ने वा हुन नदिने, एक ठाउँमा अपराध गरेर सीमावर्ती क्षेत्रमा भागेर लुकी बस्नेको विषयमा सूचना आदान प्रदान गर्ने सहमति भएको छ ।

यसका साथै सीमा क्षेत्रबाट हुने चोरी पैठारी सहितको विषयमा कडाइ गर्ने र सीमा क्षेत्रका अन्य कुनै समस्या आएको खण्डमा मिलेर समाधान गर्ने सहमति भएको नेपाली टोलीका नेतृत्व गर्नुभएका धनुषाका प्रमुख जिल्ला अधिकारी काशीराज दाहालले जानकारी दिनुभयो ।दुवै देशका संयुक्त सीमा सुरक्षा अधिकारीको बैठकमा नेपालका तर्फबाट धनुषा, महोत्तरी, सिरहा तथा सप्तरी जिल्लाका प्रमुख जिल्ला अधिकारीहरू, प्रहरी उपरीक्षकहरू, सशस्त्र प्रहरी उपरीक्षकहरू, राष्ट्रिय अनुसन्धान विभागका प्रमुखहरू सहभागी रहनुभएको जिल्ला प्रशासन कार्यालय धनुषाका प्रवक्ता एवं सहायक प्रमुख जिल्ला अधिकारी अनुज भण्डारीले जानकारी दिनुभयो ।


# बर्दिवास नगरपालिका महोत्तरीको जनहितमा जारी सूचना

**आँखा पाक्ने रोगका प्रमुख लक्षणहरु :**

- एक्कासी एउटा अथवा दुवै आँखा रातो हुने ।
- आँखा धेरै चिलाउने ।
- आँखामा कचेरा लाग्ने तथा टासिने ।
- आँखाबाट आसु बगिरहने ।
- आँखा सुन्निने, दुख्ने/बिझाउने ।
- घाम तथा उज्यालो प्रकासमा हेर्न समस्या हुने ।



**आँखा पाक्ने रोगबाट बच्ने उपायहरु :**



- जथाभावी रुपमा आँखा नछुने/आँखा छुनु भन्दा पहिले राम्ररी सावुन पानीले हात सफा गर्ने ।
- सफा पानीले आँखा सफा गर्ने ।
- अरूले प्रयोग गरेका तौलिया/रुमाल प्रयोग नगर्ने ।
- व्यक्तिगत सरसफाइमा ध्यान दिने ।

**आँखा पाक्ने रोग लागिहालेमा के गर्ने :**



- पटक पटक सफा चिसो पानीले आँखा सफा गर्ने ।
- आँखा छोइसकेपछी हरेक पटक सावुन पानीले हात सफा गर्ने ।
- आफूले प्रयोग गर्ने रुमाल, तौलिया, कपडा छुट्टाछुट्टै राख्ने र अरुलाई प्रयोग गर्न वा छुन नदिने ।
- कालो चस्माको प्रयोग गर्ने ।
- आफुले प्रयोग गरेको सिरानीको खोल, तन्ना हरेक दिन सफा गर्ने ।
- जथाभावी रुपमा आँखामा औषधिको प्रयोग नगर्ने ।



सामान्यतया यो रोग १ हप्ता भित्रमा आफै निको भएर जान्छ तर समस्या बढ्दै गएमा तुरुन्त नजिकको स्वास्थ्य संस्था वा चिकित्सकसंग परामर्श गरौं ।



# सूचना ! सूचना !!! सूचना !!!

नदी सार्वजनिक सम्पती हो । नदीबाट निस्केका नहरहरुको रेखदेख गर्नु हामी सबैको कर्तव्य हो । नदी सफा राख्नु सबैको दायित्व हो । नदीको जमिन अतिक्रमण गर्नु हुँदैन । सरकारले निर्धारण गरेको क्षेत्रफल भित्रको नदीको जग्गामा कुनै प्रकारको अतिक्रमण कानुनको वरखिलाफ हो । नदी क्षेत्रमा गैर कानुनी रुपमा निर्माण गरिएको सबै प्रकारको निर्माण सिंचाई विभागले भत्काउने भएकाले नदी क्षेत्रमा भौतिक निर्माण नगरौं । नदी फराकिलो भयोभने सबैलाई फाइदा हुन्छ । नदीको क्षेत्रलाई संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको दायित्व हो ।

**कमला नदी नियन्त्रण आयोजना , जनकपुर**


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा